का.जि.का.द.नं. ७९२/०६९/०७०
स.क.प.द.नं. ३६९९२/०६९/०७०

फोन नं. ०१-४५३२२७०
०१-४५३२२७१

# नेपाल सुनचाँदी ब्यवसायी महासंघ

## Federation of Nepal Gold and Silver Dealers' Associations

<u>Attn: News Desk</u>        स्थापित : २०६९, काठमाडौं ।        मिति : २०८०/१२/३०

Weekly Chart




| Date | Day | Gold Per 10g | Gold Per Tola | Silver Per 10g | Silver Per Tola |
|---|---|---|---|---|---|
| 2080/12/25 | Sunday | 1,16,255 | 1,35,600 | 1432 | 1670 |
| 2080/12/26 | Monday | 1,16,770 | 1,36,200 | 1,444.50 | 1,685 |
| 2080/12/27 | Tuesday | 1,16,855 | 1,36,300 | 1,444.50 | 1,685 |
| 2080/12/28 | Wednesday | 1,17,285 | 1,36,800 | 1,457.50 | 1,700 |
| 2080/12/29 | Thursday | 1,17,115 | 1,36,600 | 1,457.50 | 1,700 |
| 2080/12/30 | Friday | 1,19,170 | 1,39,000 | 1,500 | 1,750 |

### <u>यो हप्ता पनि सुनचाँदीको मुल्यमा रेकर्डै रेकर्ड</u>

-यो साता पनि गत साता जस्तै सुनचाँदीको मुल्यले एकपछि अर्को गर्दै नयाँ रेकर्ड कायम गरेको छ। साताको पहिलो दिन आइतबार देखि नै निरन्तर रेकर्ड कायम गर्दै आएको मुल्यले साताको पाँचौं दिन बिहिबार सामान्य घटेको भए पनि साताको पछिल्लो कारोकार भएको दिन शुक्रबार फेरी नयाँ रेकर्ड कायम गर्यो। अमेरिकी रिजर्ब बैंकको नीति, अमेरिकी डलरको मुल्यमा देखिएको मजवुति, द्वन्द तथा चिनले सुनमा बढाएको लगानी लगायतका कारणले सुनको मुल्य उचाइमा पुगेको बिश्लेषकहरुले बताएका छन्। मुल्य उचाइमा पुगिरहँदा ठूला बैंकहरु आफ्नो पुर्व प्रक्षेपण नै फेर्न बाध्य भएका छन्।

- नेपाली बजारमा पनि यो साता सुनको मुल्य बढेको छ। साताको पहिलो दिन आइतबारको तुलनामा पाँचौ दिन बिहिबार मुल्य सामान्य घटेको भए पनि शुक्रबार फेरी बढेर हालसम्मकै उच्च अर्थात प्रति १० ग्राम १ लाख १९ हजार १ सय ७० पुग्यो। पहिलो दिनको तुलनामा पछिल्लो दिन अर्थात शुक्रबारको मुल्य प्रति १० ग्राम २ हजार ९ सय १५ रुपैयाँले बढी हो।

- यो साता नेपाली बजारमा चाँदीको मुल्यले पनि रेकर्ड कायम गरेको छ। साताको सुरु देखि नै बढेको मुल्य साताभर कुनै पनि दिन घटेन। साताको पहिलो दिन आइतबार पति १० ग्राम १ हजार ४ सय ३२ रहेको मुल्य अन्तिम दिन शुक्रबार रेकर्ड राख्दै प्रति १० ग्राम १ हजार ५ सय कायम भयो।

धर्मशुन्दर बज्राचार्य
**महासचिव**

email: info@fenegosida.org/ webside: www.fenegosida.org, Post Box No: 20712